बैठक संख्या: ७१
मिति: २०७९।०५।१०
समय: साँझको ६:३० बजे
स्थान: जम्बला होम नाम्चे

खुम्बु पासाङल्हामु गाउँपालिकाका अध्यक्ष श्री मिङमा छिरी शेर्पाज्यूको अध्यक्षतामा ७० औं कार्यपालिका बैठक मिति २०७९ भाद्र १० गते शुक्रबार साँझ ६:३० बजे जम्बला होम नाम्चे देहायका पदाधिकारी तथा गाउँ सभा सदस्यहरुको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

| **क्र.सं.** | **पद** | **नाम, थर** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री मिङमा छिरी शेर्पा | |
| २ | उपाध्यक्ष | श्री टासी ल्हमु शेर्पा | |
| ३ | कार्यपालिका सदस्य | श्री आङ फूर्वा शेर्पा | |
| ४ | कार्यपालिका सदस्य | श्री लक्ष्मण अधिकारी | |
| ५ | कार्यपालिका सदस्य | श्री नुरु जाङबु शेर्पा | |
| ६ | कार्यपालिका सदस्य | श्री फुनुरु शेर्पा | |
| ७ | कार्यपालिका सदस्य | श्री पासाङ ग्याल्जेन शेर्पा | |
| ८ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा गेल्जेन शेर्पा | |
| ९ | कार्यपालिका सदस्य | श्री ल्हाक्पा छिरी शेर्पा | |
| १० | कार्यपालिका सदस्य | श्री आङ माया शेर्पा | |
| ११ | कार्यपालिका सदस्य | श्री डिमा याङजिन शेर्पा | |
| १२ | कार्यपालिका सदस्य | श्री उमा बराईली | |
| १३ | कार्यपालिका सदस्य | श्री पासाङ डोमा शेर्पा | |
| १४ | प्रमुख प्रशासकीय अधिकृत | मोहन प्रसाद चापागाईं | |
| १५ | प्रशासकीय अधिकृत | सुजन कुमार बुढाथोकी | |
| १६ | लेखा अधिकृत | चेतनाथ कटेल | |
| १७ | सव ईञ्जिनियर | ऋषिराज कुमार राम | |
| १८ | सव ईञ्जिनियर | दिपकुमार बस्नेत | |
| १९ | प्रशासनिक कर्मचारी | छत्रबहादुर खड्का | |

**निर्णयहरु**

**निर्णय नं. १**

चालु आ. व. २०७९।०८० मा कार्यान्वयन हुने योजनाहरुको खरिद योजना स्वीकृत गर्ने ।

**निर्णय नं. २**

यस गाउँपालिका क्षेत्रभित्र इन्टरनेट सेवा पुऱ्याउन श्री डिकेड इन्टरनेशनल प्रा. लि., का. म. पा. २६, काठमाण्डौ, श्री आइटेल प्रा. लि., का. म. पा. २६, काठमाण्डौले पेश गरेको प्रस्ताव स्वीकृत गरी प्रस्ताव अनुसारका कार्यहरु गर्न सहमति प्रदान गर्ने ।

**निर्णय नं. ३**

श्री महेन्द्रज्योति माध्यमिक विद्यालय चौंरीखर्कमा प्रधानाध्यापक पदमा कार्यरत नि. मा. शि. तृतीय शिक्षक श्री कुमार सिं राईलाई अर्को व्यवस्था नभएसम्मका लागि गाउँपालिकाको शिक्षा सुपरिवेक्षक पदमा काजमा खटाई शिक्षा शाखा प्रमुखको जिम्मेवारी तोक्ने ।

**निर्णय नं. ४**

निर्माणाधीन ङिमदोर्जी शेर्पा पर्यटन सडकको लागत अनुमान तयार भई स्वीकृत हुँदा सेनाको टुकडीदेखि निर्माणस्थलसम्म विस्फोटक पदार्थ ढुवानी गर्ने, सुरक्षा प्रदान गर्ने तथा अनुगमनका लागि सवारी साधन भाडामा लिनका लागि आइटम छुट भएको हुँदा यस कार्यालयको प्राविधिक शाखाबाट उक्त कार्यका लागि १२ महिनाका लागि मासिक रु ३ लाख ६० हजारका दरले रु ४३ लाख २० हजारको लागत अनुमान पेश भएको हुँदा उक्त लागत अनुमान स्वीकृत गरी कन्ट्रयाक्टर बिरुवा एडि जे भि सँग वार्ताद्वारा सम्झौता गर्ने ।

**निर्णय नं. ५**

तृतीय ङिमदोर्जी शेर्पा रनिङ गोल्ड कपमा गत दोस्रो ङिमदोर्जी शेर्पा रनिङ गोल्ड कपमा प्रथम फोर्चे यूवा समूह तथा तृतीय ङिमदोर्जी शेर्पा रनिङ गोल्ड कपमा द्वितीय तथा तृतीय स्थान हुने टिमलाई रु ५ लाख, ६० हजार र ४० हजार नगदै भुक्तानी गरी बजेट विनियोजन गरिएको तर उक्त घोषित पुरस्कार रकममा २५% कर वापतको रकम विनियोजन नभएको हुँदा २५% ले हुन आउने रकम रु २ लाख अन्य कार्यक्रम खर्चबाट भुक्तानी गर्ने ।

**निर्णय नं. ६**

खुम्जुङ स्थित साविकको खुम्जुङ गा.वि.स. भवन भत्काउने कार्य थामसेर्कु टोल विकास संस्थासँग सम्झौता गरी तुरुन्त कार्य प्रारम्भ गर्ने ।

**निर्णय नं. ७**

अनिश कन्स्ट्रकशन खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. २ को नाममा खुम्बु पासाङल्हामु गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट जारी गरिएको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र कम्पनी ऐन अनुसार दर्ता गर्न नाम दोहोरिई उक्त नाममा फर्म दर्ता गर्न नमिल्ने भएकाले फायर ड्रागन कन्स्ट्रकशनको नाममा परिवर्तन गरी इजाजत पत्र जारी गर्ने साथै माउण्टेन शेर्पा कन्स्ट्रकशन तथा सप्लायर्स खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ३ ले कन्स्ट्रक्शन र सप्लायर्सको छुट्टाछुट्टै इजाजत पत्र जारी गरी पाउँ भनी निवेदन पेश गरेको हुँदा उक्त फर्मको छुट्टाछुट्टै इजाजत पत्र जारी गर्ने ।

**निर्णय नं. ८**

पैया खानेपानी उपभोक्ता समितिले गत आर्थिक वर्षमा खानेपानी निर्माण आयोजना कार्यान्वयन गर्न रु ६ लाख ६० हजार पेश्की लिई लामो समयसम्म काम नगरी योजना कार्यान्वयन नगरेको हुँदा उक्त पेश्की नगदै फिर्ता गरी पेश्की फछ्र्यौट गर्ने साथै यसरी लामो समयसम्म पेश्की लिई काम नगरेको हुँदा चालु आर्थिक वर्षका लागि विनियोजन भएको रकम रु १३ लाख ६० हजार मात्र कट्टा गर्ने र उक्त रकम फोर्चे खानेपानीका लागि भुक्तानी गर्न रु १२ लाख रकमान्तर गर्ने ।

**निर्णय नं. ९**

लुक्ला बजारमा विगत वर्षदेखि नै बजार टोल ढल निर्माण तथा गुम्बा टोल ढल निर्माण गरिँदै आएको तर यस आर्थिक वर्षमा उक्त योजना निर्माण सम्पन्न गर्न गाउँपालिकाबाट सिमित स्रोतका कारण बजेट विनियोजन नभएको तर सम्बन्धित निकायमा अनुरोध गर्ने भनी गाउँ सभाबाट पास भएको हुँदा उक्त दुवै योजना सम्पन्न गर्नका लागि आवश्यक बजेट विनियोजन गरिदिन तथा उक्त ढलको प्रशोधन केन्द्र निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिदिन सघन शहरी तथा भवन निर्माण आयोजना ओखलढुङ्गा र पर्यटन मन्त्रालय प्रदेश पर्यटन विभाग विराटनगरमा अनुरोध गर्ने ।

**निर्णय नं. १०**

यस गाउँपालिका प्रदेश नं. १ कै दोस्रो र नेपालकै पाँचौं ठूलो क्षेत्रफल भएको गाउँपालिका भएको, गाउँपालिकाको वडा नं. १ बाहेक कुनै पनि वडामा सडकको पहुँच नपुगेको तथा गाउँपालिका केन्द्रसम्म पुग्न ४ दिनसम्म लाग्ने भएकाले आकस्मिक तथा विपदका समयमा तत्काल विपद परेको स्थलसम्म पुग्न कठीन हुने भएकाले वडा कार्यालयलाई खाता खोल्ने अधिकार प्रदान गर्न सम्बन्धित निकायमा पहल गर्ने ।

**निर्णय नं. ११**

भू तथा जलाधार व्यवस्थापन कार्यालय ओखलढुङ्गामा यस गाउँपालिकाका देहायका योजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरिदिन अनुरोध गर्ने ।

- टोकटोकदेखि नाम्चेसम्मको पर्यटकीय पदमार्ग
- त्याङबोचे गुम्बा पुननिर्माण

**निर्णय नं. १२**

चौंरीखर्कदेखि घाटसम्म र स्याङबोचेदेखि थामेसम्म इन्टरनेट सेवा विस्तार गर्न फाइबर केवल जडान गर्नु पर्ने भएकाले उक्त कार्यका लागि लाग्ने खर्चको लागत अनुमान तयार गरी उक्त खर्च नेपाल टेलिकम, समुदाय र गाउँपालिकाको साझेदारीमा आधारित बनाई आकस्मिक योजना शिर्षकबाट भुक्तानी गर्ने ।

**निर्णय नं. १३**

फाक्दिङदेखि जोरसल्लेसम्म सञ्चालित होटल तथा लजहरुको व्यवस्थापनका लागि व्यवसायीहरुसँग अन्तरक्रियात्मक समन्वय बैठकको आयोजना गर्ने ।

**निर्णय नं. १४**

नेपाल विद्युत प्राधिकरणबाट यस गाउँपालिकामा निर्माण हुने १३३ के.भि.ए. को सवस्टेशन सुर्के वा मुसेमा निर्माण गर्ने र सो का लागि आवश्यक पर्ने जग्गा प्राप्ति गर्न वडा नम्बर २ का वडाध्यक्ष श्री आङ फूर्वा शेर्पालाई जिम्मेवारी प्रदान गर्ने ।

**निर्णय नं. १५**

वडा नं. २ लुक्ला बजारमुनी लुक्ला कोरियन पार्कको नाममा दर्ता कायम भएको जग्गामा साझेदारीमा पार्क निर्माण गर्नका लागि लुक्ला कोरियन पार्कसँग समन्वय गरी सोको नेत्तृत्व गाउँपालिकाले लिने ।

**निर्णय नं. १६**

सगरमाथा दिवसको प्लाटिनियम जुबिलीको अवसर पारेर तेञ्जिङ हिलारी एयरपोर्ट लुक्लामा तेञ्जिङ नोर्गे शेर्पा र सर एडमण्ड हिलारीको शालिक बनाउन लागत अनुमान तयार गरी तुरुन्त कार्यान्वयन गर्ने सो को खर्च कण्टेन्जेन्सी शीर्षकबाट लेख्ने ।

**निर्णय नं. १७**

नागरिक उड्डयन प्राधिकरणसँग समन्वय गरी तेञ्जिङ हिलारी एयरपोर्ट लुक्ला स्थित टर्मिनल भवनमा शौचालय निर्माण, प्रतिक्षालय निर्माण, रङरोगन, तारबार निर्माण, ढल तथा सेफ्टी ट्याङ्की निर्माण तथा विमानस्थल सुरक्षा गार्ड चेकपोष्ट व्यवस्थापन गर्ने ।

**निर्णय नं. १८**

सगरमाथा राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति र खुम्बु पासाङल्हामु गाउँपालिकाको साझेदारीमा वडा नं. ४ स्थित लवुचे पोर्टर शेल्टर पुन:निर्माण गरी सञ्चालन गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं. १९**

निर्माणाधीन डिमदोर्जी शेर्पा पर्यटन सडकको IEE प्रतिवेदन तयार गर्न श्री मोलुङ फाउण्डेशनसँग सम्झौता गरी काम लगाईएकोमा उक्त कार्य चाँडो सम्पन गर्न पत्रचार गर्ने ।

**निर्णय नं. २०**

यस कार्यालयमा रिक्त रहेका प्राविधिक पदहरुको लिखित, सीप परीक्षण तथा अन्तरवार्ताबाट छनौट भएका देहायका कर्मचारीहरुको नियुक्ति समर्थन गर्ने ।

| क्र.सं. | सफल उम्मेदवारको नाम | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | अविनाश अधिकारी | इञ्जिनियर | उदयपुर | |
| २. | अभिषेक खड्का | मेडिकल अधिकृत | धुर्कोट, नवलपरासी | |
| ३. | मिथलेस कुमार राम | सव इञ्जिनियर | खडक न.पा. ३, सप्तरी | |
| ४. | डिक्सुङ शेर्पा | कम्प्युटर अपरेटर | गुम्देल, रामेछाप | |
| ५. | दावा जाङ्बु शेर्पा | कम्प्युटर अपरेटर | खुम्बु पासाङल्हामु गाउँपालिका, ३ | |
| ६. | पासाङकाजी शेर्पा | प्रशासन सहायक | खुम्बु पासाङल्हामु गाउँपालिका, १ | |
| ७. | प्रभा राई | प्रशासन सहायक | ऐसेलुखर्क ५, खोटाङ | |
| ८. | रमेश खत्री | असिष्टेण्ट सव इञ्जिनियर | दोलखा | |
| ९. | ल्हाक्पा गेलु शेर्पा | असिष्टेण्ट सव इञ्जिनियर | सोलु दुधकुण्ड नगरपालिका, ७ | |
| १०. | सबिता तामाङ | कार्यालय सहयोगी | खुम्बु पासाङल्हामु गाउँपालिका, २ | |
| ११. | रिन्छेन शेर्पा | कार्यालय सहयोगी | खुम्बु पासाङल्हामु गाउँपालिका, 1 | |

**निर्णय नं. २१**

अँधेरीदेखी काँडेसम्मको सडक भारी वर्षादका कारण बीच बीचमा पहिरो गई, खोल्सा बढी सडक बगाई, रिटेनिङ तथा ब्रेष्ट वाल तथा ड्रेन भत्की सवारी साधनहरु आवतजावतमा अवरुद्ध भई नागरिक तथा पर्यटकहरुलाई आवागमनमा कठीनाई भएको तथा दैनिक उपभोग्य र निर्माण सामाग्रीहरुको मूल्य बृद्धि भएको भनी जनगुनासो उठेकाले माप्य दूधकोशी गाउँपालिका र खुम्बु पासाङल्हामु गाउँपालिकाको संयुक्त लगानीमा प्राविधिक लागत अनुमान तयार गरी सडक सरसफाई तथा स्तरोन्नति गर्ने र यस गाउँपालिकाले लगानी गर्नु पर्ने रकम मर्मत सम्भार कोषबाट खर्च लेख्ने ।

**निर्णय नं. २२**

सल्लेरीबाट खरिखोला- पैंया- लुक्ला पदमार्गको काँडे- पैया- छेउबास खण्डमा नै निर्माणाधीन ङिमदोर्जी शेर्पा पर्यटन सडकको क्षेत्र रहेको र उक्त क्षेत्रहरुमा विस्फोटक पदार्थ प्रयोग गरी सडक निर्माण गरिने भएकाले गाउँपालिकाबासी, सेवाग्राही, पर्यटक, भरिया, खच्चड, जोक्पेलाई जोखिम हुने हुँदा काँडेदेखि चौंरीखर्कसम्म आवश्यकीय स्थानमा वैकल्पिक अस्थायी बाटो निर्माण गर्ने ।

**निर्णय नं. २३**

व्यवसाय दर्ता र नवीकरणलाई सरल, सहज र बैज्ञानिक बनाउन व्यवसाय दर्ता कार्यविधि तयार गर्न सुशासन तथा संस्थागत विकास समितिलाई जिम्मेवारी दिने । साथै आवासीय छात्रावृत्ति कार्यक्रम कार्यविधि, २०७९ स्वीकृत गर्ने ।